वर्ष ९, अंक २, जेठ

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजनः पीडितको सम्मान ।।

# अपराध अनुसन्धान मासिक ई-बुलेटीन




नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्




नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग
नक्साल काठमाण्डौ

CRIME INVESTIGATION DEPARTMENT
CID
CREDIBILITY • DILIGENCE • INTEGRITY
NEPAL POLICE

मासिक ई-बुलेटिन

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ - ४ |
| अपराध तथ्याङ्क | ५ - १२ |
| प्रहरी सेवा प्रवाह | १३ - १६ |
| खोजतलास तथा समन्वय | १७ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १८ - २० |
| अपराध समाचार | २१ - २६ |
| उत्कृष्ट अनुसन्धान | २७ - २८ |
| सम्पादक मण्डल | २९ |

# विभागीय गतिविधिहरु

## मिसनमा खटी जान लाग्नु भएका प्रहरी अधिकृतहरूको विदाई सम्पन्न



***काठमाडौं, ११ जेठ***

29 May 2026 देखि UNISFA मिसनमा खटि जान लाग्नु भएका ३जना प्रहरी अधिकृतहरू प्रहरी निरीक्षक सरस्वती अधिकारी, प्रहरी नायव निरीक्षक धिरेन्द्र रावल, प्रहरी नायव निरीक्षक रविन खड्कालाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूद्वरा विदाई सम्पन्न भयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायव उपरीक्षकज्यूहरू र प्रहरी निरीक्षकज्यूहरूको उपस्थिति रहेको थियो।

## Virtual Meeting सम्पन्न



***काठमाडौं, १३ जेठ***

मिति २०८३।०२।१३ गते, नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, काठमाण्डौं उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय (सबै) र नेपाल प्रहरीका मुद्दा चल्ने सबै प्रहरी कार्यालयहरूलाई मिटर ब्याज तथा अपराध अनुसन्धान सम्बन्धी समसामयिक विषयमा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूबाट भर्चुअल माध्यमद्वारा निर्देशन सम्बोधन सम्पन्न भयो । उक्त Virtual Meeting कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू र प्रहरी नायव उपरीक्षकज्यूहरू उपस्थिति रहेको थियो।

## बिदाई तथा फेरी भेटौला कार्यक्रम सम्पन्न



***काठमाडौं, ५ जेठ***

मिति २०८३।०२।०५ गते जिल्ला प्रहरी कार्यालय गोरखा सरुवा हुनु भएका प्रहरी उपरीक्षकद्वय श्री अनिल कुमार खड्का र जिल्ला प्रहरी कार्यालय सर्लाही सरुवा हुनु भएका प्रहरी उपरीक्षक रबिन्द्रनाथ पौडेलज्युहरूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूले मायाको चिनो सहित विदाई गर्नु भयो। कार्यक्रममा विदाई भई जान लाग्नु भएका प्रहरी उपरीक्षकज्यूले आफ्नो तर्फबाट मन्तव्य राख्नु भयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू , प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु र प्रहरी निरीक्षकज्यूहरुको उपस्थिती रहेको थियो।

## मिसनमा खटी जान लाग्नु भएका प्रहरी अधिकृतको विदाई तथा बढुवा भएका प्रहरी अधिकृतको दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न





***काठमाडौं, २ जेठ***

Stabilization Mission in the Democratic Republic of the Congo (MUNUSCO) खटी जान लाग्नु भएका प्रहरी निरीक्षक चोनु गुरुङलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूद्वारा विदाई सम्पन्न भयो।

साथै प्रहरी वरिष्ठ नायव निरीक्षक पदबाट प्रहरी निरीक्षक पदमा बढुवा हुनु भएका सुमित्रा लामालाई विभागीय प्रमुखज्यूद्वारा दर्ज्यानी चिन्ह सुशोभन सम्पन्न भयो। कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायव उपरीक्षकज्यूहरू र प्रहरी निरीक्षकज्यूहरूको उपस्थिति रहेको थियो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ




***काठमाडौं, १७ जेठ***

ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) र सम्पत्ति शुद्धीकरण मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी ललितपुर भैंसेपाटी बस्ने नवलपरासी पश्चिम सुनवल नगरपालिका-६ घर भएका तुल्सी अधिकारी पक्राउ परेकी छिन्। पक्राउ परेकी उनलाई सम्बन्धित मुद्दामा कारबाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८२ चैत्र ३ गते उनी विरुद्ध रेड नोटिस जारी भएको थियो। उनलाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि जिल्ला प्रहरी परिसर ललितपुर बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ।

## IT Training सम्पन्न



***काठमाडौं, जेठ २७***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८३।०२।०४ गते देखि मिति २०८३।०२।२७ गतेसम्म संचालित **System & Hardware** Maintenance विषयक २६ औ समूहको Training सम्पन्न भयो। उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक २, प्रहरी सहायक निरीक्षक ४, प्रहरी वरिष्ठ हवल्दार ४, प्रहरी हवल्दार ७, प्रहरी सहायक हवल्दार ९ र प्रहरी जवान १२ गरी जम्मा ३८ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो। System & Hardware Maintenance विषयक २६ औ समूह सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरूलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त दिनुका साथै प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरूले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो ।

## अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३ सम्पन्न



***हेटौडा, जेठ २७ गते***

मिति २०८३।०२।२७ गते नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग नक्साल काठमाण्डौ र बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको संयुक्त आयोजनामा यस बागमती प्रदेश प्रहरी कार्यालयको हलमा बागमती प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री ईन्द्र बहादुर बानियाँज्यूको प्रमुख आतिथ्यतामा एक दिवसीय "प्रदेश स्तरीय अपराध अनुसन्धान समिक्षा गोष्ठी" शुभारम्भ भएको थियो।

उक्त गोष्ठीमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग नक्सालका प्र.ब.उ. मुकुन्द मरासिनीज्यूले कार्यक्रमको औचित्य सहितको स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री ईन्द्र बहादुर बानियाँज्यू, विशिष्ठ अतिथि मानिनय आन्तरिक मामिला मन्त्री श्री शिवराज अधिकारीज्यू, विशिष्ठ अतिथि नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्र.अ.म.नि. सुशिल सिंह राठौरज्यू, उच्च सरकारी वकिल कार्यालयका सहन्यायधिवक्ता पुजा खत्रीज्यू, मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीज्यू, पत्रकार महासंघ प्रदेश अध्यक्ष कृष्ण सारु मगर ज्यूले शुभकामना मन्तव्य र बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्र.ना.म.नि.दिपक रेग्मीज्यूले धन्यवाद मन्तव्य राख्नु भएको कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, बागमती प्रदेश मातहत जिल्ला प्रहरी कार्यालयका प्रमुख र अनुसन्धान अधिकृत, मुद्दा चल्ने ईलाका प्रहरी कार्यालयका कार्यालय प्रमुखहरु, पत्रकार महासंघका अध्यक्ष लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो।

दुई चरणमा सम्पन्न भएको समिक्षा गोष्ठीमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग नक्सालबाट प्र.व.उ. मुकुन्द मरासिनी, प्र.उ.भाग्येन्द्र पुरुष ढकाल, यस बागमती प्रदेश प्रहरी कार्यालयबाट प्र.उ.खड्क बहादुर खत्री, नेपाल प्रदेश प्रहरी कार्यालय बनेपाबाट प्र.ना.उ.केदार मान दोङ, बागमती प्रदेश मातहतका १० जिल्ला प्रहरी कार्यालयहरुको तर्फबाट विषयगत प्रस्तुतीकरण पश्चात अपराध अनुसन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौरज्यूले प्रस्तुतीकरणमा उठेका जिज्ञासाहरुको सम्बोधन गर्नु भएको थियो भने कार्यक्रमको अन्त्यमा यस कार्यालयका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक दिपक रेग्मीज्यूले प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न गर्नु भएको थियो।

## अपराध अनुसन्धान समिक्षा गोष्ठी २०८३ सम्पन्न



***जनकपुर, जेठ २१ गते***

मिति २०८३।०२।२९ गतेको नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग नक्साल काठमाण्डौ र प्रहरी कार्यालयको स्तरीय "मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको संयुक्त आयोजनामा यस मधेस प्रदेश जिल्ला धनुषा जनकपुरको दशरथतलाउ स्थित मिथिला यात्री निवास होटल जनकपुरधाम धनुषामा मधेश प्रदेश सरकारका गृह संचार तथा कानुन मन्त्री माननिय फकिरा महतो ज्यूको प्रमुख आतिथ्यतामा एक दिवसीय "प्रदेश स्तरीय अपराध अनुसन्धान समिक्षा गोष्ठी" शुभारम्भ भएको थियो।

उक्त गोष्ठीमा विशिष्ट अतिथि उच्च अदालत जनकपुरका माननिय मुख्य न्यायाधीश श्री टेक नारायण कुँवरज्यू, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्री सुशिल सिंह राठौरज्यू, मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषाका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक श्री गोबिन्द थपलिया ज्यू, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक श्री मुकुन्द राज मरासिनीज्यु, मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर, प्रहरी वरिष्ठ उपरीक्षक प्रज्वल महर्जनज्यू, यस मधेश प्रदेश प्रहरी कार्यालय अपराध नियन्त्रण तथा अनुसन्धान महाशाखा प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक प्रभु प्रसाद ढकाल ज्यू, जिल्ला सरकारी वकिल कार्यालय धनुषाका जिल्ला न्यायाधिकक्ता श्री पदम प्रसाद वस्तीज्यू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका प्रमुख प्रहरी उपरीक्षक श्री ज्ञानेन्द्र बस्नेतज्यू, जिल्ला प्रहरी कार्यालय - ८ (मधेश प्रदेश) का प्रमुख ज्युहरू, नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौं अपराध अनुसन्धान विभागका प्रहरी अधिकृतज्यूहरु, नेपाल प्रहरी विशेष सुरक्षा गण ढल्केवर धनुषा, मधेश प्रदेश प्रहरी गण जनकपुरधाम धनुषाका गण प्रमुख ज्यू, मधेश प्रदेश अन्तर्गत मुद्दा चल्ने प्रहरी इकाईका प्रमुखहरुको सहभागिता रहेको उक्त समीक्षा गोष्ठीमा अनुसन्धानको अवस्था, अपराध अनुसन्धान प्रदेश प्रहरी कार्यालयको भूमिका र तालुक कार्यालयसँगको अपेक्षा र कानूनी तथा अन्य समस्याको पहिचान गरी सुधारका उपाय अवलम्बन गर्न, अनुसन्धानको प्रभावकारिता अभिबृद्धिको लागि अनुसन्धानकर्ताहरू बिचमा समन्वयको विकास गर्न, अनुसन्धानमा देखिएका समस्या र चुनौतीहरू सम्बोधन गर्नका लागि साझा धारणा विकास गर्न, अनुसन्धान सम्बन्धी नवीन कानूनी व्यवस्था र अभ्यासका बारेमा जानकारी गराई कार्यान्वयनमा एकरूपता कायम गर्न तथा प्रस्तावित अनुसन्धान तथा अभियोजन निर्देशिकाको लागि राय सुझाव संकलन गर्नको लागि मधेश प्रदेशका माननीय गृह संचार तथा कानुन मन्त्री, सरकारी वकिल समेतको सहभागिता रहेको समीक्षा गोष्ठीमा आ-आफ्नो मन्तव्य राख्नुको साथै दोस्रो सत्रमा यस कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक श्री गोबिन्द थपलिया ज्यूद्वारा प्रमुख अतिथी तथा विशिष्ट अथिति उच्च अदालत जनकपुरका माननीय न्यायाधीश श्री टेक नारायण कुँवर ज्यू लगायत गोष्ठी कार्यक्रममा सहभागी सम्पूर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्दै नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागको तर्फबाट आ-आफ्नो जिल्लागत तथा मधेश प्रदेशका अपराध अनसुन्धान सम्बन्धी विश्लेषण, अपराध अनुसन्धानमा देखिएका समस्या र चुनौतीहरू प्रस्तुतीकरण गर्दै अन्तरक्रिया तथा छलफल पछि समापन समारोहमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षकज्यू तथा यस मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम, धनुषाको तर्फबाट प्रहरी नायव महानिरीक्षकज्यूबाट धन्यवाद ज्ञापन सहित कार्यक्रम समापन भएको थियो।

## अपराध अनुसन्धान समीक्षा गोष्ठी २०८३ सम्पन्न



***विराटनगर, जेठ ३१ गते***

नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग एवं कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको संयुक्त आयोजनामा कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा "एक दिवसीय प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी" २०८३ कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री हिक्मत कुमार कार्कीको प्रमुख आतिथ्यतामा शुभारम्भ भएको थियो।


उक्त गोष्ठीमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौर, मोरङ जिल्ला अदालतका माननीय न्यायाधीश दुर्गा बहादुर भुषाल, जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कटेल, कोशी प्रदेश प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरे, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी, कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरका समादेशक शिव कुमार श्रेष्ठ, नेपाल प्रहरी प्रदेश कार्यालय धरान सुनसरीका कार्यालय प्रमुख ज्ञानेन्द्र प्रसाद फुयाल, कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक योगेन्द्र सिंह थापा, जिल्ला सरकारी वकिल कार्यालय मोरङका जिल्ला न्यायाधिवक्ता, यस कार्यालय मातहत जिल्ला प्रहरी कार्यालय प्रमुख, कसुरको अनुसन्धान गर्ने इलाका प्रहरी कार्यालय प्रमुख र अपराध अनुसन्धान शाखा प्रमुख, जुनियर प्रहरी अधिकृतहरु, सञ्चारकर्मी र प्रहरी कर्मचारीहरु लगायतको उपस्थिति रहेको उक्त समीक्षा गोष्ठीमा अपराध अनुसन्धानमा बढेका चुनौतीहरूको समाधानका लागि नयाँ-नयाँ प्रविधिको प्रयोग गर्ने, अपराध अनुसन्धान गर्ने ईकाइहरूको वर्तमान अवस्था, विद्यमान जनशक्ति तथा स्रोत साधनहरूबिचको अधिकतम प्रयोग एवं अन्तर कार्यालय संगको समन्वय गर्नु गोष्ठीको मुख्य उद्देश्य रहेको र समापन समारोहमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनसुन्धान विभागका प्रहरी अतिरिक्त महानिरीक्षकज्यू तथा यस कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको तर्फबाट प्रहरी नायव महानिरीक्षकज्यूबाट धन्यवाद ज्ञापन सहित कार्यक्रम समापन भएको थियो ।

# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फछ्र्यौट संख्या
## (आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)




## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (चैत्र - जेठ)




## उपत्यका र प्रदेशको शीर्षकगत मुद्दा दर्ता संख्या





## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या




## गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या




## सम्पत्ती शुद्दीकरणको उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या




## २०८३ साल जेठ महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८३ साल जेठ महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (.रु) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ३२६ | ५८ वर्ष ८ महिना ११ दिन | ३६३७९०९२ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३०५ | २३४ वर्ष ७ महिना १ दिन | १५३३६७८० |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ५३९ | १३७ वर्ष ५ महिना २ दिन | ९६९५९६९ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ३६० | ८० वर्ष ० महिना १९ दिन | २५१८१०४१ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १३२ | ६२ वर्ष ०५ महिना १० दिन | १२५४६५५० |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ३२० | १०६ वर्ष ६ महिना १० दिन | २६७५३७०३ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ६३ | ३१ वर्ष ११ महिना १८ दिन | २८३९६९० |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १२० | ९४ वर्ष ० महिना १२ दिन | २५६६३०२ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | १७ | १ वर्ष ४ महिना २० दिन | १०३१४४७६४ |
| **जम्मा** | | २१८२ जना | **८०३ वर्ष ४६ महिना १०३ दिन** | **रु.२३,४४,४३,८९१ ।-** |


## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या





## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क



## साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



## २०८३ साल जेठ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८३ साल जेठ महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | दर्ता | बितरण |
| | | १६४६४० | ११६३३१ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | ४४ | ८ |
| ३. | अध्यागमन विभाग | २५७ | २८९ |
| ४. | नागरिक उड्डयान प्राधिकरण | ६१ | ५८ |
| ५. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | २१० | १९० |
| ६. | औंठाछाप प्रमाणिकरण | ६५ | ६५ |
| ७. | कारागार | - | - |
| | अन्य | १९ | १३ |
| **जम्मा** | | १६५२९६ | ११६९५४ |

## सामुदायिक प्रहरी गतिविधि


२०८३ साल जेठ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)




## आसरा सुधार केन्द्र रानीबारी

### २०८३ साल जेठ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

### २०८३ साल जेठ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



## आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

### २०८३ साल जेठ महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





### २०८३ साल जेठ महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ०६ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ४८ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ०१ जना |
| ४. | उद्दार गरिएका विदेशी नागरिकहरु | ०२ जना |
| ५. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ८३,८६५ जना |
| ६. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | २० जना |

# खोजतलास तथा समन्वय

## २०८३ साल जेठ महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको




## २०८३ साल जेठ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८३ सालको जेठ महिनामा बिभिन्न १८ वटा मुद्दा शीर्षक (आपराधिक उपद्रव, चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, बेवारिसे लास, भवितव्य ज्यान) अन्तर्गत १०० वटा मुद्दाको ३७४ वटा सबुदहरु परीक्षण गरिएको।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ जेठ महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८३/०२/०१ गतेदेखि २०८३/०२/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५७५** केशहरुको **३५३०** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **७३३** केशहरुको **५९३२** नमूनाहरु परीक्षण गरिएकोमा **५६८०** केशहरुको **२३२९९** नमुनाहरु पेण्डिङ रहेको।
- मिति २०८३/०२/०१ गतेदेखि २०८३/०२/३१ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा **१७४४** DATA Entry भएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट २०८३/०२/०१ गतेदेखि २०८३/०२/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१८३** केशहरुको ७**१४** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **२३८** केशहरुको ८७० नमूनाहरु परीक्षण गरिएकोमा **५०६** केशहरुको **१७३४** नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८३/०२/०१ गतेदेखि २०८३/०२/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **६६** केशहरुको **२०२** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **३०** केशहरुको **८२** नमूनाहरु परीक्षण गरिएकोमा **१५२** केशहरुको **४३६** नमुनाहरु पेण्डिङ रहेको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८३ साल जेठ महिनामा केनाईन परिचालित संख्या**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, ८ जेठ*

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी काभ्रे मण्डनदेउपुर नगरपालिका-४ छेडा बस्ने सिन्धुपाल्चोक घर भएका ३० वर्षीय दिपेन्द्र भुजेललाई प्रहरीले पक्राउ गरेको छ । २०८२ वैशाख ३० गते काठमाडौं गोकर्णेश्वर नगरपालिका-१ सुन्दरीजलस्थित नयाँपाटीमा बलिन्द्र प्रकाश राईलाई कुटपिट गरी हत्या गरेको कर्तव्य ज्यान मुद्दामा पुर्पक्षमा रही केन्द्रीय कारागार सुन्धारा काठमाडौंमा रहेकोमा २०८२ भदौ २४ आन्दोलनको क्रममा भागी फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काभ्रे मन्डनदेउपुर नगरपालिका-४ छेडाबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कारबाहीको लागि केन्द्रीय कारागार सुन्धारा काठमाडौं पठाइएको छ।

### छोराको हत्या गरेको अभियोगमा पक्राउ

*दैलेख, २० जेठ*

आफ्नै छोरा ४५ वर्षीय यादव थापाको हत्या गरेको अभियोगमा नारायण नगरपालिका-९ सालखर्क बस्ने ७० वर्षीय कबिराज थापालाई प्रहरीले पक्राउ गरेको छ। विवादको क्रममा कबिराजले धारिलो हतियार खुर्पा प्रहार गर्दा गम्भीर घाइते भएका यादवको जिल्ला अस्पताल दैलेखमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय दैलेखबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*काठमाडौं ,२१ जेठ*

भक्तपुर, आफ्नै श्रीमती ३३ वर्षीया सलिना तोलाङ्गे विश्वकर्माको हत्या गरेको अभियोगमा भक्तपुर नगरपालिका-१० छालिङ रोड डेरा गरी बस्ने काठमाडौं शंखरापुर नगरपालिका-६ नाङ्लेभारे घर भएका ३८ वर्षीय विदुर विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ । घरायसी विवादको क्रममा विदुरले धारिलो हतियार खुकुरी प्रहार गर्दा सलिनाको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

बाजुरा ,बुढीनन्दा नगरपालिका-६ कोटिला बस्ने ३२ वर्षीय निर रावतको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने १९ वर्षीय टेकेन्द्र रावतलाई प्रहरीले पक्राउ गरेको छ। टेकेन्द्रले ढुंगा प्रहार गर्दा निरको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बुढीनन्दाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

काठमाडौं ,२३ जेठ

आफ्नै श्रीमती ४२ वर्षीया ईश्वरी भुजेलको हत्या गरेको अभियोगमा तारकेश्वर नगरपालिका-६ लोलाङ पैयुटार बस्ने ४२ वर्षीय कुमार थापा मगरलाई प्रहरीले पक्राउ गरेको छ । घरायसी विवादको क्रममा कुमारले फलामको रड प्रहार गर्दा ईश्वरी गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएकी ईश्वरीको त्रि.वि शिक्षण अस्पताल महाराजगंजमा थप उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ज्यान मार्ने उद्योग कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

*रौतहट, २४ जेठ*

ज्यान मार्ने उद्योग कसुर मुद्दाका फरार प्रतिवादी गुजरा नगरपालिका-२ मैढा टोल बस्ने ३६ वर्षीय राज किशोर साहलाई प्रहरीले पक्राउ गरेको छ। चन्द्रपुर सब डिभिजन वन कार्यालय र रंगपुर साझेदारी वन समूहको संयुक्त गस्ती टोलीलाई चन्द्रपुर नगरपालिका-६ लमहा खोला नजिकै राज किशोर लगायत ७/८ जना व्यक्तिहरूले गत १९ गते राति कुटपिट गरेको घटनामा जिल्ला अदालत रौतहटबाट पक्राउ अनुमति प्राप्त भई फरार रहेका उनीहरूमध्ये राज किशोरलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको प्रहरीले वडा प्रहरी कार्यालय विर्ता वीरगंज पर्साको समन्वयमा पर्सा वीरगंज महानगरपालिका-४ नारायणी अस्पताल नजिकैबाट पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान तथा डाँका मुद्दामा संलग्न फरार अभियुक्त पक्राउ

*काठमाडौं ,२७ जेठ*

कर्तव्य ज्यान तथा डाँका मुद्दामा संलग्न रही फरार अभियुक्त काभ्रे पाँचखाल नगरपालिका-४ बस्ने ३९ वर्षीय कृष्ण मगरलाई प्रहरीले पक्राउ गरेको छ । २०७८ असोज ६ गते सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-१० सिम्ले फाँटस्थित नेत्रप्रसाद दाहाललाई कोदालोको पासो प्रहार गरी हत्या गरेको कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत सिन्धुपाल्चोकबाट २०७९ पुस १८ गते जन्मकैद सजाय फैसला भएका तथा डाँका मुद्दामा ७ वर्ष कैद र ७० हजार रूपैयाँ जरिवाना फैसला भई केन्द्रीय कारागार सुन्धारा काठमाडौंमा कैद भुक्तान गरी रहेकोमा २०८२ भदौ २४ गतेको आन्दोलनमा भागी फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले काभ्रे पाँचखाल नगरपालिका-४ बाट पक्राउ गरेको हो। उनलाई कैद भुक्तानको लागि केन्द्रीय कारागार सुन्धारा काठमाडौं पठाइएको छ।

# बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

## अपहरण तथा शरीर बन्धक, कर्तव्य ज्यान र डाँका चोरी सम्बन्धी कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं ,४ जेठ*

अपहरण तथा शरीर बन्धक, कर्तव्य ज्यान र डाँका चोरी सम्बन्धी कसुर मुद्दाका फरार प्रतिवादी नुवाकोट किस्पाङ गाउँपालिका-१३ बस्ने २५ वर्षीया सपना तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालत रसुवाबाट उक्त मुद्दामा जन्म कैद सजाय फैसला भई केन्द्रिय कारागार कार्यालय जगन्नाथदेवलस्थित महिला बन्दी सुधार गृहमा दाखिला भई कैद भुक्तान गरिरहेकी उनी गत कारागार कार्यालयको महिला बन्दी सुधार गृहको कम्पाउण्डको पछाडी पट्टिको पर्खाल नाघी फरार भएकी थिइन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी र नेपाल प्रहरी अनाश्रित गुल्म जगनाथदेवल सुन्धारा समेतको सहयोगमा उनलाई काठमाडौं असन चोकबाट पक्राउ गरेको हो। साथै उनलाई कारागारबाट भागे पश्चात लुकाई छिपाई राख्न सहयोग गर्ने काठमाडौं असन बस्ने भोजपुर, भोजपुर नगरपालिका-११ घर भएका ५५ वर्षीय मिन कुमार श्रेष्ठ र २७ वर्षीय समिर भन्ने सुवास श्रेष्ठलाई समेत प्रहरीले पक्राउ गरेको छ। पक्राउ मध्ये सपनालाई कैद भुक्तानको लागि केन्द्रिय कारागार कार्यालय जगन्नाथदेवल पठाइएको छ भने मिन कुमार र सुवासलाई आवश्यक अनुसन्धान तथा आवश्यक कारबाहीको लागि प्रहरी वृत्त जनसेवा पठाइएको छ।

## सुनको सिक्री लुटपाटमा संलग्न रहेको अभियोगमा चार जना पक्राउ

काठमाडौं १९ जेठ ,

सुनको सिक्री लुटपाटमा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं तारकेश्वर नगरपालिका बस्ने धादिङ रूवी भ्याली गाउँपालिका-३ घर भएका २० वर्षीय एनोस तामाङ, २६ वर्षीय हेमन्त तामाङ, काठमाडौं तारकेश्वर नगरपालिका-७ टुसारचौर बस्ने नुवाकोट ककनी गाउँपालिका-२ घर भएका १९ वर्षीय लाक्पा तामाङ र काठमाडौं महानगरपालिका-१२ नरदेवी बस्ने भारत पश्चिम बंगाल प्रान्त हुग्ली घर भएका ५० वर्षीय शुकुमार पात्र रहेका छन्।

तारकेश्वर नगरपालिका-८ जरङ्खुमा गत ११ गते स्कुटरमा आएका अपरिचित व्यक्तिहरूले एक जना पीडित महिलाको सुनको सिक्री लुटपाट गरेको घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु समेतबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई काठमाडौं उपत्यकाको विभिन्न स्थानबाट पक्राउ गरेको हो। साथै प्रहरीले उनीहरूको साथबाट नगद ७५ हजार ८ सय रूपयाँ र स्कुटर १ थान समेत बरामद गरेको छ। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## शंकास्पद गतिविधिमा संलग्न दुई जना चिनियाँ नागरिकहरू पक्राउ

*काठमाडौं, २० जेठ*

शंकास्पद गतिविधिमा संलग्न रहेको अभियोगमा २ जना चिनियाँ नागरिकहरूलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१ बस्ने चीन फुजियान घर भएका ३३ वर्षीय WANG WEND र CHEN SHUANGGUI रहेका छन्। काठमाडौं महानगरपालिका-१ नक्साल नारायणचौर एरियामा चिनियाँ नागरिकहरू भिजिट भिषामा नेपाल आई भिषाको उद्देश्य विपरित शंकास्पद गतिविधि गर्ने गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको छ। प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरूले काठमाडौं नक्साल नारायणचौरस्थित आरआर बिल्डिङ एन्ट्रो टेक्नोलोजी नामक कार्यालय खोली अवैध रूपमा विदेशी मोडल तथा युवतीहरूको लाईभ हब एपमार्फत एकाउन्ट खोली विदेशी र भारतीय नागरिकहरूलाई साथी बनाई कुराकानी गरी पैसा माग्ने गरेको समेत खुल्न आएको छ। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि अध्यागमन विभाग कालिकास्थान काठमाडौं पठाइएको छ।

## विभिन्न धनमाल चोरी

*कैलाली, २४ जेठ*

टीकापुर नगरपालिका-१ चार चौतारी बस्ने दिब्य प्रसाद भट्टको घरबाट करिब २७ तोला सुन, ३० तोला चाँदी र नगद चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसुर र चेक अनादर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, २६ जेठ*

बैंकिङ कसुर र चेक अनादर मुद्दाका फरार प्रतिवादी बुढानिलकण्ठ नगरपालिका-५ घर भएका ४७ वर्षीय राजु मिजारलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत काठमाडौंबाट विभिन्न मितिमा १२ वटा बैंकिङ कसुर मुद्दा र २ वटा चेक अनादर मुद्दा गरी जम्मा १४ वटा मुद्दामा ४३ लाख २३ हजार ५ सय ३४ रूपैयाँ ८० पैसा जरिवाना, क्षतीपुर्ति रकम १ लाख ७२ हजार ९ सय ४१ रूपैयाँ ३९ पैसा र ९० दिन कैद सजाय ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-४ धुम्बाराहीबाट पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ।

## अदालतको लेटरप्याड र आधिकारिक दस्तखत कीर्ते गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ

*काठमाडौं, २७ जेठ*

अदालतको लेटरप्याड र आधिकारिक दस्तखत कीर्ते गर्ने कार्यमा संलग्न रहेको अभियोगमा टोखा नगरपालिका-३ बस्ने गोरखा आरूघाट गाउँपालिका-७ घर भएका २६ वर्षीय बिबस अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ। केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले काठमाडौं चन्द्रागिरी नगरपालिका-११ सतुङ्गलबाट पक्राउ गरेको हो।

प्रारम्भिक अनुसन्धानको क्रममा जिल्ला अदालत काठमाडौंको लेटरप्याड कीर्ते बनाई बिबस अधिकारी भन्ने नामबाट २०८२ चैत १५ मा मुद्दा खोल्ने तथा पुनप्रमाणिकरण सम्बन्धी सूचना भन्ने पत्र कीर्ते बनाई मुद्दाको : अन्तिम निर्णय भएपछि बिबसको बैंकमा २ करोड १३ लाख रूपैयाँ रकमान्तरण हुने र २०८२ चैत २४ गते सेवा शुल्क भुक्तानी सम्बन्धी झुठ्ठा लिखत तयार गरी बिबसलाई अदालतबाट १ लाख ६ हजार ५ सय रूपैयाँ सेवा शुल्क बुझाउन आदेश दिएको भनी अदालतबाट नगरिने अस्वाभाविक व्यहोरा उल्लेख गरी जिल्ला अदालत काठमाडौंको लेटरप्याड कीर्ते बनाई न्यायाधीश, श्रेस्तेदार , शाखा अधिकृतको दस्तखत र अदालतको छाप कीर्ते गरी प्रचलनमा ल्याएको खुल्न आएको छ। उनी उपर जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अमेरिका पठाइदिन्छु भन्दै ठगी गर्ने एक जना पक्राउ

*काठमाडौं २७ जेठ ,*

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं चन्द्रागिरी नगरपालिका-४ बस्ने रोल्पा घर भएकी ५४ वर्षीया निर्मला कुमारी श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

निर्मलाले अमेरिका पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३८ लाख ५० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले निर्मलालाई काठमाडौं महानगरपालिका-१२ टेकुबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## बाह्य मुलुकतर्फ लैजान लागेको स्वदेशी तथा विदेशी मुद्रा सहित दुई जना पक्राउ

*काठमाडौं ,२८ जेठ*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाबाट लुकाई छिपाई बाह्य मुलुकतर्फ लैजान लागेको विभिन्न विदेशी मुद्रा सहित २ जना बंगलादेशी नागरिहरूलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा ३९ वर्षीय Mohammad Intaz Ali र ५० वर्षीय MD Zakir Hossain रहेका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयबाट खटिएको प्रहरीले बाटिक एयरको उडानद्वारा काठमाडौंबाट मलेसिया जान लागेका उनीहरूलाई जाँच गर्ने क्रममा Mohammad Intaz Ali को साथबाट स्रोत नखुलेको नेपाली १० लाख २५ हजार रूपैयाँ र Zakir Hossain को साथबाट स्रोत नखुलेको नेपाली १२ लाख ३४ हजार रूपैयाँ, अमेरिकी डलर १ हजार र मलेसियन रिङ्गिट २० हजार सहित फेला पारी पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

## लिखत सम्बन्धी कसुरमा संलग्न व्यक्ति पक्राउ

*काठमाडौं, २९ जेठ*

लिखत सम्बन्धी कसुरमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-२९ बस्ने पर्सा वीरगंज महानगरपालिका-९ घर भएका ५३ वर्षीय सुबोध कुमार शुक्ललाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा उनले नेपाल संस्कृत विश्वविद्यालय बाल्मीकि विद्यापिठको नक्कली सिफारिश पत्र, बाल्मीकि विद्यापिठको नाममा विदेशी नागरिकहरूबाट शुल्क लिई काटिएको आम्दानी रसिद लगायतका कागजातहरू तयारको खुल्न आएको छ। उनको साथबाट चिन, ताइवान लगायका मुलुकहरूका नागरिकहरूको राहदानी ६ थान, नक्कली आम्दानी रसिद ३ थान, अमेरिकन डलर ३ सय, १४ हजार ६ सय ३० भारतीय रूपैयाँ, १ लाख ६४ हजार नेपाली रूपैयाँ र खाली लेटरप्याड १० पाना समेत प्रहरीले बरामद गरेको छ। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागी जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## नक्कली नोट सहित पक्राउ

*कपिलवस्तु, ३० जेठ*

शिवराज नगरपालिका-२ हल्लानगर बस्ने ४५ वर्षीया बबिता थापालाई नेपाली ५ सय दरको १९ थान नक्कली नोट सहित प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय चन्द्रौटाबाट खटिएको प्रहरीले उनलाई उनकै घरबाट उक्त नक्कली नोट सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# यौनजन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बाँके, १ जेठ*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कोहलपुर नगरपालिका-१ कौशिलानगर बस्ने २५ वर्षीय धिरज लामिछाने मगरलाई प्रहरीले पक्राउ गरेको छ। धिरजले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*दाङ, ४ जेठ*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा राप्ती गाउँपालिका-४ मौरीघाट बस्ने ५० वर्षीय प्रेम बहादुर विकलाई प्रहरीले पक्राउ गरेको छ। प्रेमले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको

आधारमा वडा प्रहरी कार्यालय लमहीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बर्दिया ,५ जेठ*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गेरूवा गाउँपालिका-१ भटेरा बस्ने १९ वर्षीय महेन्द्र जैशीलाई प्रहरीले पक्राउ गरेको छ । महेन्द्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय पाताभारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बर्दिया ,५ जेठ*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गेरूवा गाउँपालिका-१ भटेरा बस्ने १९ वर्षीय महेन्द्र जैशीलाई प्रहरीले पक्राउ गरेको छ । महेन्द्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय पाताभारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*संखुवासभा, २० जेठ*

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा पाँचखपन नगरपालिका-३ बस्ने ३० वर्षीय अरूण राईलाई प्रहरीले पक्राउ गरेको छ। अरूणले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय वानाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*संखुवासभा, २० जेठ*

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा पाँचखपन नगरपालिका-३ बस्ने ३० वर्षीय अरूण राईलाई प्रहरीले पक्राउ गरेको छ। अरूणले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय वानाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*दाङ, २७ जेठ*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गढवा गाउँपालिका-७ बस्ने ३९ वर्षीय खुशीराम चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। खुशीरामले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय गढवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लागु औषध सम्बन्धी

## एक महिनाको अवधिमा १ हजार ५६ जना लागूऔषध कारोबारमा संलग्न व्यक्तिहरू पक्राउ

*काठमाडौं, ८ जेठ*

नेपाल प्रहरीले गत वैशाख महिनामा देशभरबाट १ हजार ५६ जना लागूऔषध कारोबारमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरेको छ । जसमध्ये उपत्यकाबाट १ सय ७१ जना, कोशी प्रदेशबाट २ सय ६ जना, मधेश प्रदेशबाट ७० जना, बागमती प्रदेशबाट १ सय ५४ जना, गण्डकी प्रदेशबाट ५६ जना, लुम्बिनी प्रदेशबाट १ सय ६९ जना, कर्णाली प्रदेशबाट २१ जना र सुदूरपश्चिम प्रदेशबाट १ सय ६७ जना र लागूऔषध नियन्त्रण ब्यूरोबाट ४२ जना पक्राउ परेका हुन्। सो अवधिमा अवैध लागूऔषध गाँजा १ हजार ८ सय २० किलो ३ सय १८ ग्राम ३ सय ४० मिलिग्राम, चरेस १९ किलो १ सय ३८ ग्राम ९ सय ६४ मिलिग्राम, हेरोइन ४ किलो २३ ग्राम ५ सय २८ मिलिग्राम, अफिम ७ किलो ९ सय ७४ ग्राम ३ सय ८० मिलिग्रम, कोकिन ३३ ग्राम ६ सय २० मिलिग्राम, पोलेन ११ किलो ४ सय १९ ग्राम, नियन्त्रित लागूऔषध डाईजेपाम २ हजार ८ सय ९५ एम्पुल, फेनारगन २ हजार ८ सय ४५ एम्पुल, बुप्रेनोर्फिन २ हजार ९ सय २९ एम्पुल, ट्रामाडोल २ लाख ३ हजार ३ सय ३८ ट्याब्लेट, नाइट्राभेट २ हजार ५ सय ४१ ट्याब्लेट, स्पास्मो २१ हजार ३ सय ९९ ट्याब्लेट प्रहरीले बरामद गरेको छ।

लागूऔषध कारोबार लगायतका आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरी खरो रूपमा प्रस्तुत भइरहेको सन्दर्भमा सबै प्रहरी कार्यालयहरूले त्यस्ता गतिविधिमा संलग्नलाई नियन्त्रणमा लिने कार्यलाई प्राथमिकतामा राखी कार्य गरिरहेको छ । साथै प्रहरीले समुदाय-प्रहरी साझेदारी अन्तर्गत लागूऔषध उत्पादन, ओसारपसार र प्रयोगबाट सामाजिक तथा व्यक्तिगत जीवनमा पर्न जाने नकारात्मक असरहरूको बारेमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू समेत सञ्चालन गर्दै आइरहेको छ।

## करिब १ सय २५ किलो गाँजा सहित एक जना पक्राउ

*बारा ,८ जेठ*

जीतपुर सिमरा उपमहानगरपालिका-१ दुधौरा पुल नजिकबाट अवैध लागूऔषध गाँजा करिब १ सय २५ किलोग्राम सहित सोही उपमहानगरपालिका-१८ पसहा टोल बस्ने रौतहट चन्द्रपुर नगरपालिका-१ पौराही घर भएका २७ वर्षीय मान बहादुर स्याङतानलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय सिमरा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगंजबाट खटिएको प्रहरीलाई देख्नासाथ पिलुवाबाट डुमरवानातर्फ आउँदै गरेको आल्फाबेट नखुलेको ४३११ नम्बरको कारमा सवार व्यक्तिले ९ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फाली फरार भएपश्चात गाँजा ओसारपसार गर्ने मध्येका मान बहादुरलाई प्रहरीले पक्राउ गरेको हो। प्रहरीले हाल फरार कार र कारमा सवार व्यक्तिहरूको खोजी गरिरहेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध अफिम र गाँजा बरामद

*काठमाडौं ११ जेठ ,*

मकवानपुर, मनहरी गाउँपालिका-७ मनहरी पुल नजिकबाट अवैध लागूऔषध अफिम २५ किलो ९ सय ९० ग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीलाई देख्नासाथ हाल नम्बर नखुलेको २ वटा मोटरसाइकलमा सवार ४ जना अपरिचित व्यक्तिहरूले झोला छाडी फरार भएपश्चात प्रहरीले झोला तलासी गर्दा उक्त लागूऔषध फेला पारी बरामद गरेको हो।

बारा, जीतपुरसिमरा उपमहानगरपालिका-२१ बाट अवैध लागूऔषध गाँजा जस्तो देखिने वस्तु ३० किलो ८ सय ग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय अमलेखगंजबाट खटिएको प्रहरीले हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बा.४६ प ६५९४ नम्बरको मोटरसाइकललाई जाँच गर्न खोज्दा मोटरसाइकलमा सवार २ जना अपरिचित व्यक्तिहरूले झोला फाली फरार भएपश्चात प्रहरीले झोला तलासी गर्दा उक्त लागूऔषध फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध ब्राउनसुगर सहित तीन जना पक्राउ

*काठमाडौं, १२ जेठ*

झापा, भद्रपुर नगरपालिका-५ देवी बस्तीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ३ सय मिलिग्राम सहित सोही ठाउँ बस्ने २९ वर्षीय जहागि शेखलाई प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।
बाँके, नेपालगंज उपमहानगरपालिका-४ बसपार्क नजिकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५१ ग्राम ७ सय १० मिलिग्राम र डिजिटल तराजु १ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने १९ वर्षीय बिष्णु कोरी र २६ वर्षीय सलिम सलमानी रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नेपालगंज र अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध खैरो हेरोइन सहित तीन जना पक्राउ

*काठमाडौं, २० जेठ*

ललितपुर, ललितपुर महानगरपालिका-१५ बाट अवैध लागूऔषध खैरो हेरोइन १ सय ५० ग्राम र डिजिटल तराजु २ थान सहित बारा सिम्रौनगढ नगरपालिका-७ घर भएका २५ वर्षीय सेख असरफ अलीलाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।

कैलाली, गोदावरी नगरपालिका-२ अत्तरीया डेरा गरी बस्ने कञ्चनपुर भीमदत्त नगरपालिका-६ महेन्द्रनगर घर भएकी ३६ वर्षीया ममता भट्टलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम १ सय ६० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो।

मोरङ, सुनवर्षी नगरपालिका-१ गिरदलिया जोगिधापबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १५ ग्राम ३ सय ७० मिलिग्राम सहित सोही नगरपालिका-२ अमरदह बस्ने ३६ वर्षीय रूस्तम मियाँलाई प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट केचनाबाट खटिएको प्रहरीले बीआर ३७ एएच २८३१ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ४ सय ३० किलो गाँजा बरामद

*सुनसरी, २७ जेठ*

बराहक्षेत्र नगरपालिका-२ स्थित पटनाली जंगलबट अवैध लागूऔषध गाँजा करिब ४ सय ३० किलोग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय चतराबाट खटिएको प्रहरीले १५ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। साथै प्रहरीले उक्त स्थानबाट को२४ प ६७४ नम्बर.को मोटरसाइकल समेत बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## विद्युतीय चुरोट (भेप) सहित एक जना पक्राउ

*काठमाडौं १३ जेठ ,*

अवैध विद्युतीय चुरोट सहित ललितपुर महालक्ष्मी (भेप) ८ बस्ने ३१ वर्षीय-नगरपालिकानविन खड्कालाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । नविनले काठमाडौं महानगरपालिका-२२ खिचापोखरीस्थित आरबि कम्प्लेक्सको भवनमा Smile your choice र Vapemandu Traders Pvt. Ltd. नामक पसल संचालन गरी भेप बिक्री वितरण गर्ने गरेको खुल्न आएको छ। साथै प्रहरीले सोही कम्प्लेक्सको भवनमा भण्डारण गरी राखेको २९ हजार १ सय ४० थान भेप समेत बरामद गरेको छ । उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको छ।

# अन्य अपराध

## वन्यजन्तुको अखेटोपहार हात्तीको दाह्रा सहित पाँच जना पक्राउ

*काठमाडौं, २० जेठ*

वन्यजन्तुको अखेटोपहार हात्तीको दाह्रा सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा तारकेश्वर नगरपालिका-९ मनमैजु बस्ने २५ वर्षीय राजिव महर्जन, गोरखा घर भएका २६ वर्षीय टेक प्रसाद गुरूङ, काठमाडौं महानगरपालिका-१७ बसन्तपुर बस्ने २७ वर्षीय आयुष महर्जन, टोखा नगरपालिका-२ सपनतीर्थ बस्ने बैतडी घर भएका २४ वर्षीय पुरन बोहरा र तारकेश्वर नगरपालिका-१० मनमैजु बस्ने गोरखा घर भएका २० वर्षीय सन्त बहादुर भुजेल रहेका छन्।

काठमाडौँ मनमैजु एरियामा राजिव महर्जन समेतका व्यक्तिहरूले अवैध रूपमा वन्यजन्तु हात्तीको दाह्रा ओसार पसार बिक्री वितरण तथा सञ्चय गरी राखेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले राजिवको घर नजिक रहेको खाली जग्गामा गाडेर राखेको अवस्थामा हात्तीको दाह्रा २ थान र उनकै घरबाट नियन्त्रित

लागूऔषध ट्रामाडोल १ सय ५० ट्याब्लेट फेला पारी राजिव, आयुष र टेक प्रसादलाई पक्राउ गरेको थियो । अनुसन्धानको क्रममा अन्य २ वटा हात्तीको दाह्राका टुक्राहरू पुरनसँग रहेको भन्ने खुल्न आएपश्चात उनलाई सपनतीर्थबाट पक्राउ गरी सोधपुछ गर्दा उक्त हात्तीको दाह्राका टुक्राहरु मनमैजु बस्ने सन्त बहादुरलाई दिएको भन्ने खुलेपछि सन्त बहादुरको तारकेश्वर नगरपालिका-१० मनमैजुस्थित कोठाबाट हात्तीको दाह्राका टुक्राहरू २ थान फेला पारी पक्राउ गरेको हो । पक्राउ परेका मध्ये राजिव, आयुष र टेक प्रसादलाई लागूऔषध नियन्त्रण ऐन, २०३३ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिमको कसुरमा एवम् पुरन र सन्त बहादुरलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतको कसुरमा थप अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौँ र डिभिजन वन कार्यालय हात्तीसार काठमाडौं पठाइएको छ ।

## करिब ८० किलो क्रिष्टल जस्तो देखिने चिजवस्तु सहित एक जना पक्राउ

*धादिङ ,८ जेठ*

रूवी भ्याली गाउँपालिका-३ सेक्टर चौताराबाट करिब ८० किलोग्राम अवैध क्रिष्टल जस्तो देखिने चिजवस्तु सहित सोही गाउँपालिका-३ बस्ने ३५ वर्षीय फुन्चो तामाङलाई प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानामा अवैध क्रिष्टल जस्तो देखिने चिजवस्तुको ओसारपसार भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी सेर्तुङबाट खटिएको प्रहरीले ४ वटा बोरामा रहेको उक्त चिजवस्तु फेला पारी उनलाई पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि डिभिजन वन कार्यालय धादिङ पठाइएको छ ।

# हातहतियार बरामद

## अवैध लागूऔषध अफिम तथा भरूवा बन्दुक सहित एक जना पक्राउ

*धादिङ ,१ जेठ*

बेनीघाट रोराङ गाउँपालिका-२ होबाङ बस्ने विर बहादुर तामाङलाई अवैध लागूऔषध अफिम जस्तो देखिने पदार्थ करिब ५० किलोग्राम, भरूवा बन्दुक १ थान र डिजिटल तराजु १ थान सहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय गजुरीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ र बन्दुक फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल सहित एक जना पक्राउ

*काठमाडौं ६ जेठ ,*

कागेश्वरी मनोहरा नगरपालिका-८ गोठाटारबाट पेस्तोल १ थान र म्याग्जिन १ थान सहित सोही नगरपालिका-६ बस्ने सुनसरी धरान उपमहानगरपालिका-१७ घर भएका २३ वर्षीय सन्दिप परियारलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त स्थानमा बिग्रिएर चल्न नसक्ने अवस्थामा रहेको बा.४ ख ५२४१ नम्बरको गाडीको सिट मुनि सन्दिपले लुकाई छिपाई राखेको उक्त पेस्तोल फेला पारी उनलाई पक्राउ गरेको हो ।उनलाई हातहतियार सम्बन्धी कसुर मुद्दामा थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

## १५ थान भरूवा बन्दुक बरामद

*रूकुम पूर्व ,२८ जेठ*

खरूकुम पूर्वका विभिन्न स्थानबाट भरूवा बन्दुक १५ थान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय रूकुम पूर्व तथा मातहत कार्यालयहरू समेतबाट खटिएको प्रहरीले भुमे गाउँपालिका-६ गटिङ्जा जंगलबाट ३ थान, सिस्ने गाउँपालिका-१ बाट ३ थान, पुथाउत्तरगंगा गाउँपालिका-१२ कोल सामुदायिक वन र सोही गाउँपालिका-१४ घाम ताप्नेडाँडाबाट ६ थान, सोही गाउँपालिका-५ डाँडारानी वनबाट १ थान, सोही गाउँपालिका-१० छार्माडाँडाबाट १ थान र सिस्ने गाउँपालिका-५ चारखोलाबाट १ थान भरूवा बन्दुकहरू फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## कटुवा पेस्तोल सहित दुई जना पक्राउ

*सुनसरी ,१२ जेठ*

देवानगंज गाउँपालिका-२ बाट कटुवा पेस्तोल १ थान सहित सोही ठाउँ बस्ने १७ वर्षीय किशोर समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय देवानगंजबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोल सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## चाईनिज पेस्तोल बरामद

*काठमाडौं, १४ जेठ*

काठमाडौं महानगरपालिका-१४ बाट चाईनिज पेस्तोल १ थान प्रहरीले बरामद गरेको छ । ईनार सफा गर्ने क्रममा उक्त पेस्तोल फेला परेको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उक्त पेस्तोल बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## कटुवा पेस्तोल सहित एक जना पक्राउ

*कैलाली, २७ जेठ*

धनगढी उपमहानगरपालिका-५ सत्कार चोक डेरा गरी बस्ने भारत लखिमपुरखिरी घर भएका २४ वर्षीय साहिल खानलाई कटुवा पेस्तोल १ थान, चाँदीका गहना, डिजिटल काँटा, फलामको रड र खुकुरी १ थान सहित प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त पेस्तोल फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –जबरजस्ती करणी

वर्ष १७ की परिवर्तित नाम ५१ (३४)१ २०८२/८०३ कपिलवस्तुलाई कानूनको विवादमा परेका बालक परिवर्तित नाम ५१ (३५) ०८२/०८३ कपिलवस्तु र पुल्ली विन्दले जिल्ला कपिलवस्तु शुद्धोधन गाँउपालिका वडा नं ६ गौरीगन्ज स्थित नाम थाहा नभएको मानिसको बगैंचामा लगी निजहरुले पालै पालो जवर्जस्ती करणी गरेको हुँदा निजहरु उपर मुलुकी अपराध संहिता २०७४ परिच्छेद १८ करणी सम्बन्धी कसूरको दफा २१९ (३) (घ) अन्तरगत हँदै सम्मको दण्ड सजाय दिलाई पाँउ भन्ने व्यहोराको पीडितको बुबा परिवर्तित नाम ५१(३४) ०८२/८०३ कपिलवस्तुको जाहेरी दरखास्त भई सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८३।०२।२० गतेको आदशले प्रतिवादी पुल्ली विन्द भन्ने कृष्ण प्रसाद विन्द पूर्पक्षको लागि कारागार चलान र कानूनको विवादमा परेका बालक परिवर्तित ५१(३५) ०८२/०८३ कपिलवस्तु बालसुधार गृह भैरहवा रुपन्देही चलान भएको।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८३।०२।०२ गते राति अं. २१:१५ बजेको समयमा प्रतिवादी समि अहमदले जिल्ला महोत्तरी रामगोपालपुर न.पा वडा नं. ९ घर भई का.जि चन्द्रागिरि न.पा ३ थानकोट बस्ने निजको सालो नाता पर्ने बर्ष २५ को जाकिर नदाफलाई काम छ भनि का.जि चन्द्रागिरी न.पा ३ थानकोट स्थितिमा बोलाई पूर्व योजना बनाई एकान्त स्थानमा लगी समि अहमदले साथमा लुकाई छिपाई लिई आएको धारिलो हतियार चक्कुले जाकिर नदाफलाई पटक पटक शरीरको विभिन्न भागमा प्रहार गरी गम्भिर घाईते बनाएकोमा जाकिर नदाफलाई तत्काल उपचारको लागि अस्पताल लैजाँदा उपचारको क्रममा मिति २०८३।०२।०२ गते अं. २१:३० बजेको समयमा उपचारमा संलग्न चिकित्सकले जाकिर नदाफलाई मृत घोषणा गरेको, प्रतिवादी समि अहमदलाई पक्राउ गरी पेश गर्दा सम्मानित अदातलको आदेशले पूर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – ज्यान मार्ने उद्योग

मिति २०८३।०२।०१गते दिनको अं.१३:३० बजेको समयमा पीडित बुहारी आफ्नै बारीमा चिया टिपीरहेकी, बुहारीसंगै निज प्रतिवादी युके भन्ने युद्ध कुमार गुरुङको श्रीमती सुनिता राई पनि मोवाईलमा गफ गर्दै रहिछिन। सोही समयमा यी प्रतिवादी हातमा ढुङ्गा बोकी गई आफ्नो श्रीमतीलाई गाली गर्दै खेदाएकाले निजको श्रीमती ओरालो भागी गएकीले निजले बोकेको ढुङ्गाले बुहारीको निधारको भागमा प्रहार गरेकाले बुहारी भुईमा ढली गुहार गुहार भन्दा जेठा दाजु उक्त स्थानमा गई हो-हल्ला गरेपछि प्रतिवादीले थप ढुङ्गा प्रहार गर्न नपाएको र रगताम्य अवस्थामा रहेकी बुहारीलाई उद्दार गरी इलाम जिल्ला अस्पतालमा लगी उपचार गराउदा सुबिधा सम्पन्न अस्पतालमा लगी उपचार गराउनु भनि रेफर गरी दिएकाले झापा स्थित बिर्ता सिटी अस्पतालमा लगी ICU मा राखी उपचार भईरहेको छ। डाक्टरले भने अनुसार बुहारीको निधारको हड्डी चर्किएको, गिदीमा रगत जमेको, नाकको हड्डी भाचिएकाले उपचार भईरहेको हुँदा निज प्रतिवादी उपर ज्यान मार्ने उद्योग मुद्दामा कानून बमोजिम कारवाही गरी सम्पुर्ण उपचार खर्च समेत प्रतिवादीबाटै दिलाई पाउँ भन्ने दुर्गा बहादुर गुरुङको मिति २०८३।०२।०२ गतेको जाहेरी दरखास्त प्राप्त भई मिति २०८३।०२।२१ गते सम्मानित इलाम जिल्ला अदालतको चलानी नम्बर ३६९४ को पत्रबाट निज प्रतिवादी कारागार चलान भएको।

## मुद्दा शीर्षक – मानव बेचबिखन तथा ओसारपोसार

मिति २०८२।१।२५ गते जिल्ला डडेल्धुरा आलीताल गाउँपालिका वडा न.७ सुनखोलामा अन्यायी तेज बहादुर खत्रीले मलाई वोलाई मेरो घरपरिवार लाई समेत थाहा जानकारी नदिई परिपन्च रची अन्यायीले मलाई धनगढीको गौरीफण्टा नाकाबाट नेपाल- भारत नाका कटाइ व्याङलोर पुर्‍याएको हुन। निज अन्यायीले मलाई व्याङलोरको एक कोठामा वन्धक जस्तो वनाइ राखी केहि दिन विराएर कोठामा मदिरा रक्सी सेवन गरी आउने, शारिरक सम्बन्ध राख्ने, शारीरिक सम्वन्ध बाट हाल मेरो पेटमा ६ हप्ताको गर्भ रहेको छ। निज अन्यायी करिव ७ दिन सम्म कोठामा नआएकोले दाजु महेश धामीले उद्दार गरी निजको कोठाबाट म फुल्की मेरो नातेदार दिदी धनिसा धामीसँग नेपाल आइ मिति २०८३ वैशाख २० गते घरमा पुगेकी हु। घरमा पुगे पश्चात घटनाका बारेमा घर परिवारलाई समेत जानकारी गराएकी हु। यसरी मलाई झुक्यानमा पारी बिवाहको प्रलोभन देखाई बेच्ने उद्देश्यले भारतको ब्याङलोरमा लगी कोठामा थुनि मैले ईन्कार गर्दा समेत नमानी मसँग यौन सम्पर्क गर्ने, अन्य ब्यक्तीहरुलाई समेत मेरो कोठामा लिई यौनधन्दा गर्न देउ, पैसा बढी कमाईन्छ भनि वेश्याबृतीमा लगाउन खोज्ने निज अन्यायी तेज बहादुर खत्रीलाई कानून बमोजिम कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त प्राप्त भई सम्मानित डडेल्धुरा जिल्ला अदालत डडेल्धुराको मिति २०८३।०२।२२ गतेको आदेशानुसार प्रतिवादी जितेन्द्र बहादुर खत्रीलाई पूर्पक्षका लागि कारागार चलान गरिएको।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०६७।०३।०८ गते जिल्ला मुगु साविक श्रीनगर गा.वि.स. वडा नं. ५ साँयाखोला स्थित बाँया हात कुमबाट छुट्टिएको, पेटको आन्द्रा निस्किएको, नाक कान टाउको रौं समेत नभएको खप्पर मात्र रहेको, लिङ्ग फेदबटै छिनालिएको, अण्डकोष सुन्निएको अवस्थामा ऐ.ऐ. बस्ने हरिकृष्ण शाहीको लाश फेला परेको घटनाको सुक्ष्म रुपमा अनुसन्धान गर्दै जाँदा निजलाई पूर्व प्रहरी हवल्दार कालि बहादुर खड्का, संगिता भन्ने सरिता बुढा, जसु बोहरा, पारसमणी मल्ल, अक्कल रावत, चन्द्र प्रकाश शाही, जयन्द्र बहादुर शाही, शैलेन्द्र हितान र महेन्द्र भन्ने रण बहादुर ऐडी समेत ९ जनाले हत्या गरेको खुल्न बुझिन आएकोले प्रातिवादीहरु मध्ये कालि बहादुर खड्का, संगिता भन्ने सरिता बुढा, जसु बोहरा, पारसमणी मल्ल, अक्कल रावत, चन्द्र प्रकाश शाही, जयन्द्र बहादुर शाहीलाई मिति २०८३।०१।३१ गते पक्राउ गरी अनुसन्धान गरिएको। प्रतिवादी शैलेन्द्र हितान र महेन्द्र भन्ने रण बहादुर ऐडी फरार रहेकोले खोजतलास भईरहेको। सम्पुर्ण अनुसन्धान पश्चात पेश हुँदा सम्मानित अदालतको मिति २०८३।०२।२७ गतेको आदेशले १ जना धरौटिमा छुटेको र ६ जना पूर्पक्षको लागि कारागार चलान गरिएको।

## सम्पर्कको लागि :

**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**

## सम्पादक मण्डल :

**प्रकाशक**
नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**
प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौ

**सल्लाहकार**
प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

**सम्पादक**
प्रहरी निरीक्षक दिपक सिंह विष्ट

**संकलन**
प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**
प्रहरी वरिष्ठ हवल्दार बिजय बस्नेत